# श्री खरकट्टीताल सामुदायिक वन उपभोक्ता समूह,

सुनवल-४ नवलपरासी(ब.सु.प.)

## वनपैदावार सिलबन्दी बोलपत्रद्वारा लिलाम विक्रि सुचना

### प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०३/०४

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट थिनिङ्ग तथा सुधार कटान कार्ययोजना बमोजिम उत्पादित भई सुनवल-४ कार्यालय कम्पाउण्डमा घाटगद्धी भएका निम्न लटमा विभाजित निम्न परिमाणको गोलिया काठहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरि लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था फर्म वा कम्पनिले यो सूचना राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ (पन्ध्र) दिन भित्र बोलपत्र खरिद गरि १६ औं दिनमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१) वन पैदावारको विवरण :

| वन पैदावारको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| लट नं. | जात | ग्रेड | थान | परिमाण (क्यू.फि.) | मुल्याङ्कन (रु) न्यूनतम | मुल्याङ्कन (रु) संकलन खर्च |
| १ | साल | बि | १८ | १६३.८० | १,४७,४२०/- | प्रति क्यु.फि.रु. १४६ का दरले जम्मा रु.३,३९,८३० |
| | साल | सि | २९ | १८०.५० | १,०८,३००/- | |
| | साल | डि | १६ | ५९.९६ | १७,९८८/- | |
| | असना | ए | २८ | ८१५.९२ | ३,२६,३६८/- | |
| | असना | बि | ३८ | ६८३.९० | २,०५,१७०/- | |
| | असना | सि | ३२ | ४२३.५० | ४२,३५०/- | |
| | कुल जम्मा | | १६१ | २३२७.६० | ८,४७,५९६/- | |

१) बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

खरिद गर्ने : क) अन्तिम मिति : २०८३/०३/१८ (ख) समय : बेलुका ५ बजे सम्म

दाखिला गर्ने : क) अन्तिम मिति : २०८३/०३/१९ ख) समय : दिउसो १२ बजे सम्म

२) बोलपत्र यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालयबाट खरिद गरि डिभिजन वन कार्यालय र समुहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

३) बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्रसाथ यस सामुदायिक वनको नाममा रा.वा.बै.सुनवल शाखामा रहेको खाता नं.३४१०१००००१०२८००१ मा रकम जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ

४) बैङ्क जमानत धरौटीको रुपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि हुनु पर्नेछ ।

५) बोलपत्र फारम प्रति लटको रु.१०००।- (एक हजार मात्र) पछि फिर्ता नहुने गरी समूहको बैक खातामा वा नगद जम्मा गरी खरिद गर्नु पर्नेछ ।

६) लिलाम बिक्री हुने वन पैदावार कार्यालय खुलेको समय भित्र तोकिएको घाटगद्धी स्थलमा गई हेर्न सकिनेछ ।

७) लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा सुचिकृत प्रमाणपत्र वोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

८) निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३/०३/१९ गते दिनको २:३० बजे साक्षीहरूको रोहबरमा खोलिने छ ।

९) लिलाम स्विकृत भएको जानाकारी प्राप्त भएको १० (दस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११) बोलपत्रमा केरमेट भएमा, हस्ताक्षर नभएमा, छाप नभएमा, सकार रकमको अंक र अक्षर नमिलेमा, लट अनुसार परिमाण नमिलेमा बोलपत्र मान्य हुने छैन ।

१२) बोलपत्र खरिद वा दाखिला गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन बोलपत्र खरिद वा दाखिला गर्न सकिनेछ

गंगा बहादुर पुर्जा पुन
अध्यक्ष